आज मिति २०८१ साल असार १९ गते बुधबारका दिन दिउँसो १:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

अन्य उपस्थिति

१. मेवालाल चौधरी, प्रशासन शाखा प्रमुख
२. दिनेश माझी, लेखा अधिकृत
३. धर्मानन्द बेपाडी, शि.शा. अधिकृत
४. खेम बहादुर कार्की, सहायक पाँचौं
५. गंगाराम चौलागाईं, सहायक पाँचौं
६. सन्तराम कार्की, क. अ.
७. यमुना विक, स.म.वि.नि.
८. महेश चौधरी, का. स.

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भए/गरेका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो ।

**प्रस्ताव नं. २ :- सम्मानित उच्च अदालत दिपायल, डोटीमा लिखित जवाफ पेश गर्न अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ६ स्थायी बसोबास भई हाल कालिका आधारभूत विद्यालय, धर्मापुर, कैलालीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोक बहादुर विश्वकर्माले सम्मानित उच्च अदालत दिपायलमा अदालतको अवहेलना (मु.नं. ०८०-FJ-०००६) मुद्दा दायर गरी उक्त मुद्दामा जानकी गाउँ कार्यपालिकाको कार्यालय, दुर्गौली, कैलाली समेतलाई विपक्षी बनाएको हुँदा जानकी गाउँपालिकाको कार्यालय,दुर्गौली कैलाली-१, गाउँ शिक्षा समिति जानकी गाउँपालिका दुर्गौली कैलाली-१ समेतको तर्फबाट सम्मानित उच्च अदालत दिपायलमा लिखित जवाफ पेश गर्न तारिखमा रुजु हाजिर रहन, कानून व्यवसायी नियुक्ति गर्न लगायतका मुद्दाका सम्बन्धमा सम्पूर्ण काम गर्नका लागि जानकी गाउँपालिकाको कार्यालयका शिक्षा अधिकृत श्री धर्मानन्द कपाडी (क.सं.नं. २४१८५९) लाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :- भौतिक संरचना (घर तथा भवन) को वर्गीकरण, न्यूनतम मूल्याङ्कन र ह्रास कट्टी दर निर्धारण सम्बन्धमा ।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ का लागि यस गाउँपालिका भित्र निर्माण भएका भौतिक संरचनाहरु (घर तथा भवन) को वर्गीकरण सम्बन्धमा यस गाउँपालिकाको राजस्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिम तपसिल अनुसार घर तथा भवन संरचनाहरुको वर्गीकरण गर्ने र सोही अधारमा घरको मूल्यांकन दर कायम गर्नुका साथै देहाय बमोजिम ह्रास कट्टी दर निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल:-

**भौतिक संरचना (घर तथा भवन) को वर्गीकरण**

| सि.न. | घरको बनावट | मुल्यांकन दर प्रति वर्ग फिट (रु.) | कैफियत |
|---|---|---|---|
| १. | आर. सी. सी. फ्रेम स्ट्रक्चर | २०००।- | |
| २. | सिमेन्टको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, आर. सी. सी. छाना | १५००।- | |
| ३. | माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, आर. सी. सी. छाना | १०००।- | |
| ४. | सिमेन्टको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, जस्ताको छाना | ७००।- | |
| ५. | माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, जस्ताको छाना | ५००।- | |
| ६. | सिमेन्ट/माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, काठले बनेको टायलको छाना | ३५०।- | |
| ७. | कच्ची घरको (एकमुष्ट) | १०००००।- | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०३/१९
गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

<u>ह्रास कट्टी दर</u>

| सि. नं. | घरको विवरण | अवधी (वर्ष) | ह्रास कट्टी दर (% मा) | कैफियत |
|---|---|---|---|---|
| १. | आर. सी. सी. फ्रेम स्ट्रक्चर | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१-३० | १४ | |
| | | ३१-४० | १६ | |
| | | ४१-५० | १८ | |
| | | ५१ भन्दा बढी | २० | |
| २. | सिमेन्टको गाह्रो ईट्ट वा ढुङ्गाको जोडाई, आर. सी. सी. छाना | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१-३० | १४ | |
| | | ३१-४० | १६ | |
| | | ४१-५० | १८ | |
| | | ५१- भन्दा बढी | २० | |
| ३. | माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, आर. सी. सी. छाना | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१-३० | १४ | |
| | | ३१-४० | १६ | |
| | | ४१-५० | १८ | |
| | | ५१- भन्दा बढी | २० | |
| ४. | सिमेन्टको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, जस्ताको छाना | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१- भन्दा बढी | १५ | |
| ५. | माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, टायलको छाना | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१- भन्दा बढी | १५ | |
| ६. | सिमेन्ट/माटोको गाह्रोमा ईट्टा वा ढुङ्गाको जोडाई, काठले बनेको घर, टायलको छाना | १-१० | १० | |
| | | ११-२० | १२ | |
| | | २१- भन्दा बढी | १५ | |
| ७. | कच्ची घरको | - | - | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०२।२८
गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ४ :- आ.व. २०८०/०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षणको प्रतिवेदन स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को यस जानकी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) को प्रतिवेदन माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथी छलफल गर्दा चालु तथा पूँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वयन प्रगतिको समीक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र. स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | क्र. सं. | संशोधित आयोजनाको नाम | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिकास्तरीय १५ शैया अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (DPR) निर्माण | १५,००,०००।- | कार्यालय | १. | मेसिनरी औजार | १५,००,०००।- | कार्यालय | राजस्व बाँडफाँड- संघीय सरकार | |
| २. | पारिश्रमिक कर्मचारी | ६,४२,९०,०००।- | कार्यालय | | पानी तथा विजुली | १०,००,०००।- | कार्यालय | राजस्व बाँडफाँड- संघीय सरकार | |
| ३. | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १३,००,०००।- | | | सवारी साधन मर्मत | १२,००,०००।- | कार्यालय | राजस्व बाँडफाँड- संघीय सरकार | |

**प्रस्ताव नं. ५ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथी छलफल गर्दा चालु तथा पूँजीगत क्षेत्र तर्फको आयोजना कार्यान्वयन प्रगतिको समीक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र. स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | खर्च रकम रु. | बचत (बाँकी) रकम रु. | क्र. सं. | संशोधित आयोजनाको नाम | संशोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना स्थल | संशोधित आयोजना कार्यान्वयन विधि | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | भगतपुर गाउँभित्रका विभिन्न सडकहरु मर्मत, माटो पटानी तथा ग्राभेल | ३,५०,०००।- | २,२७,०००।- | २३,०००।- | १. | श्री भृकुटी मा.वि. सुवर्णपुरमा शैक्षिक सामाग्री व्यवस्थापन (वितरण) | ६०,०००।- | जानकी-३ | कार्यालय/ सोझै खरिद | नेपाल सरकार नगद अनुदान | |
| २. | लायकपुर गाउँभित्रका विभिन्न सडकहरु मर्मत, माटो पटानी तथा ग्राभेल | ३,५०,०००।- | २,२७,०००।- | २३,०००।- | | | | | | | |
| ३. | जानकी-३, अन्तर्गत विभिन्न सडकहरु मर्मत | १,५०,०००।- | १,३६,०००।- | १४,०००।- | | | | | | | |

आशिषा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
२०८१/०३/१९

प्रस्ताव नं. ६ :- मुक्त कमैया दिवसको अवसरमा स्थानीय बिदा दिने सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा कमैया मुक्ति भएको दिनको सम्झनामा सम्वत् २०८१ साल साउन ०२ गते बुधबारका दिन मुक्त कमैया दिवसको अवसरमा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा स्थानीय बिदा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- सरकारी, सार्वजिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस जानकी गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका भवन, घर, टहरा लगायत अन्य संरचनाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही जिल्ला प्रशासन कार्यालय, कैलाली लगायत अन्य सरोकारवाला निकायहरुको समन्वयमा हटाउने निर्णय गरियो र निर्णय कार्यान्वयनका लागि संरचना हटाउने सम्बन्धी सर्वसाधारण तथा सरोकारवालाहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ :- जानकी बहुउद्देशीय पार्कको डि.पि.आर. स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं ३ मा जानकी बहुउद्देशीय पार्क निर्माणको लागि कथा कन्स्ट्रक्सन प्रा.लि. ले तयार गरी पेश गरेको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) स्वीकृत गर्ने निर्णय गरियो र सोही बमोजिम पार्क निर्माणको प्रक्रिया थालनी गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०३।१९
गणेश चौधरी
अध्यक्ष